ICIMOD

कोशी बहावक्षेत्र पहल

आफ्नो समुदायमा सुकेका मूललाई जगाउने ६ चरणको पद्दती

पृष्ठभूमि

वर्षाको पानी जमीनको ढुंगामाटोका तह र चट्टान हुँदै भूमिगत जलभण्डार (Aquifer) सम्म पुग्छ । यस्ता भूमिगत जलभण्डार जमीनको सतहमा आएर पानी रसाउने वा फुट्ने ठाउँनै मूल हो।

हिन्दुकुश हिमालय क्षेत्रको नेपाल लगायत मध्यपहाडी भेगमा बसोबास गर्ने करोडौं मानिसकालागि पानीको मुख्य स्रोत मूलहरु हुन् । मानिसहरुले खानेपानी, सिँचाई र अरुपनि घरेलु काममा मूलको पानी प्रयोग गर्छन् । मूलहरुले आफ्नो क्षेत्र वरपरको पर्यावरण जोगाउछन् र जीवजन्तु तथा बोटबिरुवा सबैको जीवन धान्ने महत्वपूर्ण कार्य गर्दछन् । सुक्खा याममा नदीहरुमा पानीको आपूर्ति पनि यिनै मूलले गर्छन् ।

मूलहरुलाई किन जोगाउने ?

मानिसले गर्ने क्रियाकलापका कारण मध्यपहाडी क्षेत्रका धेरै ठाउँमा पानीको मूलहरु सुकेका छन्। मूल सुक्नुका प्रमुख कारणहरुमध्ये वनजंगल विनाश, सडक, भवन आदि भौतिक पूर्वाधारहरुको जथाभावी निर्माण, भूमिगत जलभण्डारको अत्याधिक दोहन र विश्वव्यापी जलवायु परिवर्तन पर्छन्। यसले ती मूलमा भरपर्ने समुदायहरुको जीवन कष्टकर बनेको छ ।

मूलाधार क्षेत्र के हो ?

मुलाधार क्षेत्र, भूमिगत जलभण्डार र जलाधारहरुको समूह हो जसबाट जमिनमुनि बहने पानीको निकास हुन्छ । वर्षाको पानी पुनर्भरण क्षेत्र हुदै भूमिगत जलभण्डारमा जम्मा भई मूलबाट बाहिर निस्कने क्षेत्रलाई मूलाधार क्षेत्र भनिन्छ ।

१ वर्षा
२ मूल पुनर्भरण क्षेत्र
३ माटोको तह
४ भूमिगत जल प्रबाह
५ मूल
६ खोलानाला
७ सतहमा बग्ने पानी
८ भूमिगत जल भण्डार
९ पोखरी
१० चट्टान



सुकेका मूललाई कसरी जगाउन सकिन्छ ?

सुकेका मूललाई जगाउन ६ चरणका निम्न लिखित उपायहरु अपनाउन सकिन्छ । यसको पालना गरेर तपाईंले पनि आफ्नो समुदायमा रहेका मूलहरु जगाउनमा सहयोग गर्न सक्नुहुनेछ ।

१

जलस्रोतको नक्शांकन

पहिलो चरणमा आफ्नो सेरोफेरोमा भएका मूल र अरु जलस्रोत कहाँकहाँ छन् भन्ने पहिचान गरेर तिनको नक्शांकन गर्नु पर्छ । यस्तो नक्सामा पोखरी, खोलानाला, तालतलैया र सिमसार आदि सबैलाई समेट्नु पर्छ । त्यस क्षेत्रको भौगर्भिक अवस्था तथा आर्थिक र सामाजिक परिस्थितिबारे सामान्य जानकारी संकलन गर्नु पनि अत्तिकै महत्वपूर्ण हुन्छ । यसबाट मूलहरुलाई फेरि जगाउन चाहिने तयारी गर्नमा सहयोग पुग्छ ।

२

तथ्यांक संकलन तथा विश्लेषण

दोस्रो चरणमा नक्शांकनको क्रममा पहिचान गरिएकामध्ये केहि चुनिएका मूललाई दीर्घकालीन निगरानीमा राख्नुपर्छ । यसकोलागि दैनिक कति वर्षा हुन्छ भन्ने नाप्ने यन्त्र जडान गरेर त्यसबारे तथ्यांक संकलन गरिन्छ । निगरानीमा राखिएका मूलबाट कति पानी बग्छ र पानीको गुणस्तर कस्तो छ भन्ने पनि जाँचिन्छ ।

३

सामाजिक तथा सुशासन प्रणालीबारे जानकारी

मूलहरुलाई जगाउन र मूलाधार व्यवस्थापन गर्न आफ्नो समुदायमा रहेका संस्था र व्यवस्थापन प्रणालीबारे बुझ्नु पर्छ । तपाईंको भेगमा काम गर्ने कुनकुन कार्यालय र संस्थाले सहयोग गर्न सक्लान् ?

४

पुनर्भरण क्षेत्र पहिचान

जुन भूभागमा परेको वर्षाको पानी जमीनको ढुंगामाटोका तह हुँदै भूमिगत जलभण्डारमा पुगेर जम्मा भएर कुनै एउटा मूलसम्म आइपुग्छ त्यो सबै सेरोफेरोलाई त्यस मूलको पुनर्भरण क्षेत्र भनिन्छ। मूलहरु जगाउन भौगर्भिक अध्ययनमार्फत पुनर्भरण क्षेत्र पहिल्याउनु पर्ने हुन्छ। आवश्यक परे सम्बन्धित विज्ञ व्यक्तिसँग सहकार्य गर्नुपर्छ।

५

पुनर्भरण उपायहरु र सुशासन कार्यान्वयन

मूल जगाउने उद्देश्यले संरचनागत, वनस्पतीजन्य र व्यवस्थापनजन्य विभिन्न पुनर्भरण उपायहरु कार्यान्वयन गर्न सकिन्छ। जस्तै- आहाल, पोखरीलगायत साना खाल्डाखुल्डी खन्ने, बोटविरुवा रोप्ने, वनजंगल तथा चरनक्षेत्रको व्यवस्थापन गर्ने, आदि। उपभोक्ता समूह गठन गर्नाले यी काम गर्न सजिलो हुन्छ र सामूहिक पहलको पनि विकास हुन्छ । मूलाधार व्यवस्थापनमा सघाउ पुर्याउन के गर्ने र के नगर्ने भन्ने साझा सहमतिका नियम विकास गर्नुपर्छ ।



६

प्रभाव अनुगमन

तपाईंहरुले मूलहरु जगाउने उपाय कार्यान्वयन गरेपछि मूलमा पानी बढेको छ ? पानीको गुणस्तरमा सुधार भएको छ ? मूलमा पानी भर्न लाग्ने समय घटेको छ ? सुख्खा याममा पनि पर्याप्त पानी छ ? मूलाधार व्यवस्थापन कत्तिको प्रभावकारी भएको छ भन्ने जानकारी लिनुपरे मूलहरु अनुगमन गर्नुका साथै समुदायको जलस्रोतसम्बन्धी आवश्यकताबारे बुझाइ हुनु महत्वपूर्ण हुन्छ ।

International Centre for Integrated Mountain Development | T +977 1 5275222 | E info@icimod.org | www.icimod.org